# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।०४ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

-----------------------------------------------------------

वीरगञ्ज महानगरपालिका शिक्षा शाखामा कार्यरत शाखा अधिकृत मञ्जुर आलम र प्राविधिक सहायक शशीभुषणप्रसाद साहले निजी विद्यालयलाई अनुमति प्रदान गर्ने प्रयोजनका लागि सेवाग्राहीसंग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले निज शशीभुषणप्रसाद साहको भान्जा नाता पर्ने पर्सा जिल्ला, छिपहरमाई गाँउपालिका वडा नं.२ बस्ने अरूण साहकानूले रु.१,००,०००।-(एक लाख) घुसबापतको रकम लिइसकेको अवस्थामा वीरगञ्ज महानगरपालिका वडा नं.६, लाठगल्ली स्थित बिसमिल्लाह होटलबाट एवं निज शाखा अधिकृत मञ्जुर आलम र प्रविधिक सहायक शशीभुषणप्रसाद साहलाई कार्यालय परिसरभित्रबाटै नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)<br>
सह-सचिव एवं प्रवक्ता